प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री
Inspector General of Police Shailesh Thapa Kshetri
Chief of Nepal Police

प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौँ, नेपाल ।
Police Headquarters,
Naxal, Kathmandu, Nepal

## शुभकामना

नव वर्ष २०७९ सालको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सकल दर्जाका प्रहरी कर्मचारी लगायत यहाँहरूका परिवारजनमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु । नव वर्ष यहाँहरूका लागि पेशागत समुन्नति, व्यक्तिगत तथा पारिवारिक सुख र आरोग्यको शुभ वर्ष हुन सकोस् मेरो हार्दिक कामना ।

समयको कालखण्डसँगै पुराना अध्यायमा गरिएका कर्मको समीक्षाबाट नै नयाँ योजना र गन्तव्य निर्धारण गरी नयाँ अध्याय शुरु गर्ने अवसर प्रदान गर्दछ । चुनौतीपूर्ण पेशामा आबद्ध रही विषम परिस्थितिमा पनि नैतिक बल, अदम्य साहस र इमान्दारिताकासाथ अविचलित भएर नागरिकको वास्तविक सेवा र संगठनको यश वृद्धिका लागि अग्रज लगायत सम्पूर्ण सदस्यले देखाएको समर्पण भाव र अतुलनीय योगदानका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु । साथै नयाँ वर्षको यस बिहानीमा राष्ट्रसेवामा जीवन उत्सर्ग गर्ने वीर अमर प्रहरीहरू प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै कर्तव्यपालनका क्रममा घाइते भएका कर्मचारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

हाम्रो मूल दायित्व कानूनको प्रभावकारी कार्यान्वयन गर्नु हो । कानूनको कार्यान्वयन गर्ने जिम्मेवारी वहनका क्रममा हामीले निष्पक्ष, व्यावसायिक र न्यायपूर्ण विवेक प्रदर्शन गर्न सक्यौ भने मात्र सही अर्थमा कार्यान्वयन हुन सक्दछ । निष्पक्ष व्यवहार, स्वच्छ भावना र व्यावसायिक आचरण र व्यवहार प्रहरी सेवाका आदर्श मान्यता हुन् । यी मान्यताहरूलाई सदैव आत्मसाथ गर्न जरुरी छ । अपराध न्यूनीकरण गर्ने, शान्ति सुरक्षा कायम गर्ने, विपद् उद्धार लगायतका कार्यमा अहोरात्र खटिएका प्रहरी कर्मचारीले आगामी वर्ष पनि सोही प्रकृतिका कार्यहरूलाई निरन्तरता दिनुपर्नेछ । प्रहरी कार्यले नागरिकलाई सहजता महसुस हुनुपर्दछ । मानव अधिकारको संरक्षण, संवर्धन, प्रवर्धन गर्न आ-आफ्नो तवरबाट कटिबद्ध रहन सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई निर्देशित गर्दछु ।

अन्त्यमा, नववर्ष २०७९ साल संगठनको विकास र उन्नतिका लागि गौरव गर्ने वर्ष बन्न सकोस्; प्रहरी कर्मचारीलाई व्यक्तिगत र व्यावसायिक प्रगतिका पथमा अघि बढ्न हौसला प्रदान गरोस्; आपसी भाइचारा र एकताको विकास होस्; हामी सबैको जीवनमा सुख, शान्ति र समृद्धि छाओस्; यही मेरो शुभकामना !

**मितिः २०७८ चैत ३० गते ।**

**प्रहरी महानिरीक्षक**
**(शैलेश थापा क्षेत्री)**

पोष्ट बक्स नं. ४०७, कार्यालयः ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्सः ९७७-१-४४१५५९३
ईमेलः shailesh@nepalpolice.gov.np/phqigs@nepalpolice.gov.np, वेबसाइटः https://www.nepalpolice.gov.np,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ ।